सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक



## विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९



♦ वर्ष ८ ♦ अंक १८१ ♦ २०८१ साल माघ २७ गते आइतवार ♦ 9s Feb 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com


# स्वीकृतिबिना सञ्चालनमा रहेका अस्पताल बन्द गर्न मुख्यमन्त्री सिंहको निर्देशन

**खबर दर्पण समाचारदाता**

**माघ २७ गते, जनकपुरधाम**

जनशक्ति, भौतिक पूर्वाधार, उपकरण, सरसफाइ लगायतका मापदण्ड पुरा नगरी जनकपुर धाममा संचालनमा रहेका निजी अस्पतालहरूलाई आइतबारसम्म आफैँले ताल्चा लगाउन अस्पताल सञ्चालकहरूलाई मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिँहले निर्देशन दिएका छन् ।



शनिबार जनकपुरधामको मुजेलियादेखि भ्रमरपुरा चोकसम्मका बीस वटा निजी अस्पतालमा शनिबार अनुगमन गरेका मुख्यमन्त्री सिँहले बहुसँख्यक अस्पताल कानुनअनुसार सङ्घ, प्रदेश र स्थानीय सरकारबाट स्वीकृति नलिइकनै सञ्चालन भइरहेकाले ती ठाउँमा उपचार गराइरहेका बिरामीलाई वैधताप्राप्त अस्पतालमा सारेर अस्पताल बन्द गर्न सञ्चालकहरूलाई निर्देशन दिएका हुन् ।

मुख्यमन्त्री सिँहले अनाधिकृत तवरले खेलिएका ती अस्पताल र स्वीकृतिप्राप्त गरे पनि मापदण्डसम्बन्धी शर्त पुरा गरेको अवस्थामा नदेखिएका अस्पताललाई अस्पताल सञ्चालनसँग सम्बन्धित सबै कागजपत्र लिएर सरकारको सम्पर्कमा आउन सञ्चालकहरूलाई भनेका छन् । उनले स्वीकृतिप्राप्त तर नवीकरण नभएका, स्वीकृति प्रक्रियामा रहेका र स्वीकृतिबिनै सञ्चालनमा रहेका अस्पताललाई वैधता प्राप्त गरेर मात्र सेवा सञ्चालन गर्न चेतावनीसमेत दिएका छन् ।

अनुगमनक्रममा उनले अस्पताल सञ्चालकहरूलाई भने, 'स्वीकृति

*बाँकी पृष्ठ २ मा*

# सरकारले गुठी ऐन ल्याउने तयारीमा छ : मन्त्री अधिकारी

**खबर दर्पण समाचारदाता**

**माघ २६ गते, जनकपुरधाम**

नेपाल सरकारका भूमि व्यवस्था सहकारी तथा गरिबीनिवारण मन्त्री बलराम अधिकारीले गुठीको समग्र समस्या समाधानका लागि सरकारले गुठी ऐन ल्याउने पक्षमा रहेको बताउनुभएको छ ।

धनुषा र महोतरीमा रहेको गुठीका जग्गाहरूको निरीक्षण पश्चात शनिबार मालपोत कार्यालय धनुषाको अवस्था बुझ्नका लागि कार्यालय परिसर पुग्नु भएकामन्त्री अधिकारीले पत्रकारसँग संक्षिप्त कुराकानी गर्दै यस्तो बताउनुभएको हो ।

उहाँले गुठीको जग्गाहरूको स्थलगत अनुगमन गर्दा कति ठाउँमा मिचिएको, कतिले कोत नबुझाएको, कति कोत बुझाउने सम्झौता गरे पनि बुझाउँदै नबुझाएजस्ता समस्याहरू देखिएको बताउनुभयो ।

उहाँले यस्ता समस्याको नियमन गुठी संस्थानले गर्नुपर्नेमा जोड दिँदै त्यो भए नभएको विषय बारे जानकारी लिन पनि आफू देशको विभिन्न जिल्लामा पुग्ने गरेको बताउनुभयो ।

उहाँले देशमा तीन तहको संरचना भएपछि स्थानीय, प्रदेश र सङ्घले अधिकारलाई कसरी प्रयोग गर्ने विषयमा सरकारले एउटा समिति बनाउने र ती समितिले देशभरीबाट आएका सुझावलाई समावेश गरी एकीकृत रूपमा गुठी ऐनको मस्यौदा ल्याउने बताउनुभयो । मन्त्री अधिकारीले २०७४ मा पनि गुठीको ऐनसम्बन्धी मस्यौदा तयार भएर ऐन ल्याउन खोज्दा विभिन्न कारण देखाएर विरोध भएपछि आउन नसकेको बताउनुभयो । यसअघि मालपोत कार्यालय धनुषाको अवस्था बुझ्दै मन्त्री अधिकारीले कर्मचारीलाई जनताले दु:ख पाउने किसिमको कुनै पनि काम नगर्न निर्देशन दिनुभयो ।

उहाँलाई मालपोत कार्यालय धनुषाका कर्मचारीले घरको अभावमा भइरहेको तामेली व्यवस्थापनको समस्या, मोठ व्यवस्थापनमा बजेटको अभाव र कम्पयूटरको अभावजस्ता समस्याको बारेमा अवगत गराउनुभएको थियो । मन्त्री अधिकारीको टोलीमा गुठी संस्थानका प्रशासक शैलेसराज कुवँर, गुठी संस्थानको बोर्ड सदस्य दीपककुमार पाठक, गुठी संस्थानका सहप्रशासक बैकुण्ठ



मन्त्री अधिकारी मटिहानी पुग्नु हुँदा मटिहानी नगरपालिकाका नगर प्रमुख हरी प्रसाद मण्डलले स्वागत गर्दै ।तस्बीर: खबर दर्पण

रेग्मी, गुठी संस्थान शाखा कार्यालय जनकपुरधामका प्रमुख आनन्दप्रसाद कर्माचार्य, मालपोत कार्यालय धनुषाका प्रमुख रमेश पौडेलसहितको सहभागिता रहेको थियो ।


अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- Endosocopy/Diode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 24/7 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिबास, महोत्तरी
०४४-५५०२५५

# धनुषाको मिथिला बिहारीमा लाटोकोसेरो तथा हुचिल उत्सवको १२ औं संस्करण सम्पन्न








**खबर दर्पण समाचारदाता**

**माघ २६ गते, जनकपुरधाम**

नेपाल लाटोकोसेरो तथा हुचिल उत्सवको १२औं संस्करण धनुषाको मिथिला बिहारी नगर पालिकामा सम्पन्न भएको छ। आयोजक मूल समितिका संयोजक देवनारायण मण्डलकाअनुसार उत्सवको दिन चरा तथा प्रकृति अवलोकन, स्थानीय लोपोन्मुख खेलहरू तथा सांस्कृतिक गीत तथा नाच प्रदर्शन गर्नुका साथै वनविज्ञान अध्ययन संस्थान पोखराका विद्यार्थीहरूको लाटोकोसेरो संरक्षणसम्बन्धी नाच र नाटक प्रदर्शन गरिएको थियो ।

शुक्रवार देखि सुरु भएको महोत्सव शनिवार सम्पन्न भएको छ।यस उत्सवमा लाटोकोसेरोसम्बन्धी जानकारी तथा फोटो प्रदर्शनीका साथै आठ किसिमका लाटोकोसेरोको आवाज सुन्ने र भिडिओ हेर्नेसमेत व्यवस्था गरिएको छ ।

कार्यक्रममा एक फिट अग्लो लाटोकोसेरोको रोबोटसमेत प्रदर्शनमा राखिएको थियो।

सन् २०१२ देखि नेपालमा मनाउन थालिएको यो उत्सव, यो वर्ष 'मिथिला वाइल्ड लाइफ ट्रस्ट' र 'प्रकृतिका साथीहरूको आयोजनामा धनुषा जिल्लामा मनाइएको हो ।

मिथिला वाइल्ड लाइफ ट्रस्ट धनुषा र प्रकृतिका साथीहरु नामक संस्थाको सहकार्यमा चन्देश्वर आधारभूत विद्यालय नजिक उत्सव आयोजना गरिएको थियो। 'प्रकृतिका साथीहरू' का कार्यकारी निर्देशक राजु आचार्यका अनुसार यो उत्सवले ठूला स्तनधारी वन्यजन्तुकै हाराहारीमा सिकार तथा अवैध व्यापार हुन थालेको लाटोकोसेरो र हुचिलको संरक्षणमा टेवा पुग्ने छ ।

प्रकृति संरक्षणमा लाटोकोसेरोको भुमिकाबारे जनचेतना फैलाउने उद्देश्यले दुई दिने उत्सवको आयोजना गरिएको आयोजक मूल समितिका संयोजक देवनारायण मण्डलले बताए। उनले यो उत्सवले पर्यावरण संरक्षणमा ठूलो योगदान पुर्‍याउने बताउँदै यसले बालबालिकामा प्रकृतिप्रति माया र संरक्षणको भावना बढाउने विश्वास व्यक्त गरे।

कार्यक्रममा मिथिलाको सांस्कृतिक झल्को दिने नाचगान, स्थानीय लोपोन्मुख खेलकुद प्रदर्शनी, रैथाने परिकार, स्थानीय उत्पादनहरू प्रदर्शनी तथा बिक्रीवितरण र हस्तकलाका सामग्री प्रदर्शन गरिएको छ।

प्रकृतिका साथीका निर्देशक राजु आचार्यले लाटोकोसेरो किसानका सच्चा साथी भएको बताए । उनका अनुसार एउटा लाटोकोसेरोले एक मौसममा झण्डै तीन हजार मुसा खाएर किसानलाई सहयोग पुर्‍याउँछ। लाटोकोसेरोले किरा फट्याङ्ग्रा, सर्प र भ्यागुता नियन्त्रणमा पनि महत्वपूर्ण भूमिका खेल्छ।

उनले भने, 'नेपालमा हाल २३ प्रजातिका लाटोकोसेरो पाइन्छन् जसमा आठ प्रजाति दुर्लभ मानिन्छन् । दुई प्रजाति लोप भइसकेको अनुमान छ । नेपालबाट वार्षिक दुई हजार भन्दा बढी लाटोकोसेरोको अवैध तस्करी हुने गरेको छ जुन पर्यावरणीय सन्तुलनका लागि गम्भीर खतरा हो ।'

उत्सवको आयोजना यसअघि धादिङ, चितवन, नवलपरासी, गोरखा, कास्की, कपिलवस्तु, दोलखा, र खोटाङमा सफलतापूर्वक सम्पन्न भइसकेको छ । यसपटकको उत्सवले पूर्वी नेपालमा लाटोकोसेरो संरक्षण र यसको महत्वबारे गहिरो प्रभाव पार्ने अपेक्षा गरिएको छ । उत्सवको उद्घाटन समारोहमा स्थानीय जनप्रतिनिधि, संरक्षणकर्मी, विद्यार्थी, र पर्यावरणप्रेमीको उल्लेख्य सहभागिता रहेको छ ।



## स्वीकृतिबिना सञ्चालनमा रहेका .....

नलिई मनपरी अस्पताल सञ्चालन गर्न पाइँदैन। स्वीकृति लिनुस्, चलाउनुस्। होइन भने बन्द गर्नुस् । आइतबारसम्म अस्पतालका बिरामी अन्य स्वाथ्य उपचार सेवामा सारेर आफैंले बन्द गर्नुभएन भने हामी सरकारी टोली परिचालन गरेरै बन्द गराउनेछौं ।' मुख्यमन्त्री सिँहले अवैध अस्पताल सञ्चालन गर्ने सञ्चालकसँगै कार्यरत कर्मचारी समेतलाई कारबाही गरिने बताए ।

मुख्यमन्त्री सिँहले निजी अस्पतालका लागि लिइएको स्वीकृति कागजातलगायत दस्ताबेज, मापदण्डअनुसार जनशक्तिको सँख्यात्मक उपलब्धता र खटनपटन, स्वास्थ्य उपकरण, सेवाको उपलब्धता र गुणस्तर र भौतिक संरचना बारे जानकारी लिएका थिए । मुख्यमन्त्रीको अनुगमन टोलीमा प्रदेश सरकारका मुख्यसचिव मदन भुजेल, स्वास्थ्य तथा जनसँख्या मन्त्रालयका निमित्त सचिव राजेशकुमार मिश्र र सोही मन्त्रालयका जनस्वास्थ्य अधिकृत एवम् अस्पताल अनुगमन समितिका सदस्यसचिव सन्तोषकुमार ठाकुरलगायत सहभागी थिए ।

मुख्यमन्त्री सिँहले शनिबार जीवनज्योति हस्पिटल एन्ड रिसर्च सेन्टर प्रालि, बिएन हस्पिटल एन्ड रिसर्च सेन्टर प्रालि, जनकपुर सीता हस्पिटल प्रालि, जनकपुर ग्रान्डी हस्पिटल प्रालि, रामा मेमोरियल हस्पिटल एन्ड रिसर्च सेन्टर, मल्टी स्पेसयलिटी हस्पिटल एन्ड ट्रमा सेन्टर, समर हस्पिटल, केयर मेडिकल सेन्टर प्रालि, नेपाल एपोलो हस्पिटल प्रालि, श्रीराम हस्पिटल प्रालि, नयना अस्पताल एन्ड प्रालि, अरमान हस्पिटल प्रालि, मिहिलाल इन्टरनेसनल प्रालि, सहयोग हस्पिटल प्रालि, जनकपुर मोडर्न हस्पिटल एन्ड रिसर्च सेन्टर प्रालि, माँ गायत्री मेमोरियल हस्पिटल प्रालि, म्याक्स हस्पिटल एन्ड रिसर्च सेन्टर प्रालि, स्वस्तिका हेल्थकेयर अस्पताल प्रालि, लाइफ केयर एन्ड रिसर्च सेन्टर प्रालि र ओम दीर्घायु हस्पिटल प्रालिमा अनुगमन गरेका हुन । यी सबै निजी अस्पतालहरु हुन ।

यसअघि मुख्यमन्त्री सिँहले शुक्रबार मध्यराति जनकपुरधामस्थित मुस्कान अस्पतालमा अनुगमन गरी अस्पताल सेवा सञ्चालन स्वीकृति नलिँदासम्म बन्द गर्न निर्देशन दिएका थिए । अस्पताल सञ्चालकले शनिबार मुस्कान अस्पताललाई बन्द गरेका छन् ।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# छैटौं जनकपुर साहित्य महोत्सवको तेस्रो तथा अन्तिम दिन : मधेशको राजनीति, जनचेतना र बदलिँदो सामाजिक संरचनामा गहन गन्थनमन्थन

**खबर दर्पण समाचारदाता**

**माघ २६ गते, जनकपुरधाम**

छैटौं जनकपुर साहित्य महोत्सवको तेस्रो तथा अन्तिम दिनको मुख्य आकर्षणको रुपमा रहेको विशेष सत्र 'मधेशको मत' ले मधेशको राजनीति, जनचेतना र बदलिँदो सामाजिक संरचनामा गहन गन्थनमन्थन भएको छ।

प्रतिनिधि सभा सदस्यहरु मनिष सुमन, योगेश भट्टराई र डा. अमरेश कुमार सिंहले यस सत्रमा आफ्ना विचार व्यक्त गर्नुभएको थियो । विचार दिने क्रममा नेता त्रयले मधेशको वर्तमान राजनीतिक अवस्थादेखि सामाजिक संरचनासम्मका विभिन्न पक्षहरू उजागर गर्नुभएको थियो ।

प्रतिनिधि सभा सदस्य मनिष सुमनले मधेशी जनतामा विद्यमान असन्तोष, राजनीतिक व्यवस्थाप्रतिको भरोसाको कमी र विकेन्द्रीकरणको क्रममा देखिएका अवरोधहरूबारे विस्तृत विश्लेषण प्रस्तुत गर्दै सुमनले भन्नुभयो, 'मधेशमा अहिलेको सबैभन्दा ठूलो चुनौती भनेको राजनीतिक रूपमा सम्पूर्ण जनसमुदायलाई आवद्ध गर्नसक्ने नेतृत्वको अभाव हो । संघीयता लागू हुँदा मधेशी समुदायको आकांक्षा पूरा हुने विश्वास थियो । तर, वर्तमान अवस्था हेर्दा ती आकांक्षा अझै परिपूर्ण भइसकेका छैनन् ।'

प्रतिनिधि सभा सदस्य योगेश भट्टराईले मधेशको बदलिँदो सामाजिक संरचनालाई विश्लेषण गर्दै समावेशिता, लैङ्गिक समानता र समुदायबीचको समन्वयमा केन्द्रित रहँदै उहाँले भन्नुभयो, 'मधेशमा सामाजिक रूपान्तरणका लागि भएको आन्दोलनले ठूला उपलब्धिहरू हासिल गरे पनि सामाजिक स्तरमा समानता र समावेशीताको पूर्णतः कार्यान्वयन हुन सकेको छैन । विशेष गरी लैङ्गिक समानता र सामाजिक न्यायको क्षेत्रमा अझै धेरै चुनौतीहरू छन् ।'

त्यस्तै, प्रतिनिधि सभा सदस्य डा. अमरेश कुमार सिंहले मधेशको विकासमा शिक्षा र स्वास्थ्यको भूमिका उजागर गर्दै यस क्षेत्रमा आवश्यक सुधार र नीतिगत परिवर्तनबारे आङ्ग्नना विचारहÂ रू राख्नुभयो। उहाँले भन्नुभयो, 'मधेशको आर्थिक विकासको लागि शिक्षा र स्वास्थ्यको क्षेत्रमा भएको अव्यवस्थित अवस्था सबैभन्दा ठूलो अवरोध बनेको छ । स्वस्थ र शिक्षित जनशक्ति विना हामी समृद्ध मधेशको परिकल्पना गर्न सक्दैनौं ।'

सत्रका सहजकर्ता टिकाराम यात्रीले यस विशेष सत्रको समापन गर्दै वक्ताहरूका विचारलाई समेट्दै मधेशको सामाजिक संरचना, राजनीति र समग्र विकासलाई सम्बोधन गर्दै महत्वपूर्ण निष्कर्ष प्रस्तुत गरेका थिए ।

## 'सीता : बियाहक संस्कार आ परम्पराके समृद्ध साझा धरोहरक प्रतिरुप'

उत्सवमा प्रख्यात समाजशास्त्री तथा मिथिला संस्कृतिका विशेषज्ञ डा. सुबोध चन्द्र भारतीले 'सीता : बियाहक संस्कार आ परम्पराके समृद्ध साझा धरोहरक प्रतिरुप' मा गहन र विचारोत्तेजक प्रस्तुति दिनुभयो।

भारतीले मिथिला संस्कृतिमा सीताको विवाह र त्यसको अनन्तकालीन सांस्कृतिक महत्वबारे विस्तृत चर्चा गर्दै सीताको विवाहलाई मिथिला र आर्य सभ्यताको साझा सांस्कृतिक धरोहरको रुपमा व्याख्या गर्नुभयो।

उहाँले भन्नुभयो, 'सीताको विवाह केवल एउटा व्यक्तिगत र धार्मिक घटना मात्र थिएन, यो सम्पूर्ण समाजको समृद्ध सांस्कृतिक परम्परा र मान्यताको प्रतिबिम्ब थियो । सीताजस्तो आदर्श व्यक्तित्वको विवाहले नारी सशक्तिकरणको अवधारणालाई पनि बलियो बनाएको छ ।'

## उज्यालोको यात्रा प्राधिकरणको मात्र नभइ सबै नेपालीको साझा हो : कुलमान घिसिङ

साहित्य महोत्सवमा 'उज्यालोको यात्रा' विषयमा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले मन्तव्य प्रस्तुत गर्दै घिसिङले आङ्ग्नो नेतृत्वमा नेपाल विद्युत् प्राधिकरणले लोडसेडिÂ डको समस्या कसरी समाधान गरेको भन्ने विषयमा आङ्ग्नो अनुभवहरू साझा गर्नुभयो।

सहजकर्ता कुन्दन झाले सञ्चालन गरेको यस सत्रमा घिसिङले नेपालका



विद्युत् क्षेत्रका प्रगति, चुनौती र सम्भावनाबारे गहिरो चर्चा गर्नुभयो। उहाले भन्नुभयो, 'लोडसेडिङको समस्या केवल एक दशक अघिको कुरा हो, जुन समयमा मानिसहरू दिनको १८ घण्टा अन्धकारमा बस्न बाध्य थिए । अहिले त्यो समय इतिहास बनिसकेको छ । सन् २०१६ मा लोडसेडिङ अन्त्यको कार्य सुरु गरिएको थियो र आज नेपाल प्रायः लोडसेडिङमुक्त छ ।'

उनले भने,'अब नेपालमा विद्युतको अभाव छैन । हामीले भारत लगायतका छिमेकी देशहरूलाई विद्युत् निर्यात गर्न थालेका छौं, र भविष्यमा यसबाट ठूलो आम्दानी हुने सम्भावना छ ।'

उनले भने, 'उज्यालोको यात्रा केवल प्राधिकरणको होइन, यो सबै नेपालीको साझा यात्रा हो । प्रत्येक नागरिकले विद्युतको सदुपयोग गरेर राष्ट्र निर्माणमा योगदान दिनुपर्छ। अनावश्यक विद्युत् खपत नियन्त्रण गर्नुपर्छ र ऊर्जा दिगोपनतर्फको मार्गमा अघि बढ्नुपर्छ ।'

## मधेश राज्यको राजनीतिक खेलको सिकार मात्रै भयो : सांसद परियार

महोत्सवमा 'राज्यको दृष्टिमा मधेस' शीर्षकमा भएको छलफलमा प्रतिनिधिसभा सदस्य सन्तोष परियारले आङ्ग्नो धारणा राख्दै मधेशी समुदायको समस्या र संघर्ष नयाँ नभएको बताए । उनले इतिहासका विभिन्न कालखण्डमा मधेशलाई राज्यले उपेक्षित गरेको बताउनुभयो ।

उहाँले राज्यले मधेशलाई हेर्ने दृष्टिकोणमा अझै पनि परिवर्तन नआएकोमा गम्भीर चिन्ता व्यक्त गर्नुभयो।

'राज्यले मधेशलाई विकासको अंगको रूपमा नभई मात्र राजनीतिक लाभका लागि मात्रै प्रयोग गर्ने क्षेत्रको रूपमा देखेको छ,' परियारले थप्नुभयो। 'यो अवस्थामा परिवर्तन ल्याउनका लागि मधेशी नेताहरूको उत्तरदायित्व पनि उत्तिकै महत्वपूर्ण छ ।'

## जब विद्रोह उठ्छ साहित्यले इतिहास लेख्छ : खगेन्द्र संग्रौला

त्यसैगरी जनकपुर साहित्य महोत्सवले 'आन्दोलन र साहित्य' सत्रले विचार, चेतना र सृजनशीलताको उचाइमा पुर्‍याउन गहन बहसलाई अघि बढाएको छ ।

यस सत्रका प्रमुख वक्ता प्रगतिशील साहित्यकार खगेन्द्र संग्रौलाले नेपाली साहित्य र आन्दोलनको अद्वितीय सम्बन्धको उजागर गर्दै संग्रौलाले साहित्य कुनै पनि समाजको गहिरो परिवर्तनको माध्यम मात्र नभई विद्रोहको एक सबल औजार पनि रहेको बताउनुभयो । उहाँले नेपाली राजनीतिक आन्दोलन र साहित्यको आपसी सम्बन्धबारे गहिरो चर्चा गर्दै साहित्यले समाजलाई मात्र नभई चेतनालाई पनि क्रान्तिकारी दिशामा मोड्ने गरेको समेत बताउनुभयो।

संग्रौलाले विशेष गरी २०४६ सालको जनआन्दोलनदेखि माओवादी विद्रोह, मधेस आन्दोलनसम्मको क्रममा लेखिएका कृतिहरूको प्रभाव बारे प्रकाश पार्दै भन्नुभयो, 'यी आन्दोलनहरूमा जन्मेका र तिनबाट प्रभावित भएका साहित्यहरू हाम्रो देशको इतिहासमा अमर रहनेछन् ।'

उहाँले साहित्य र राजनीतिलाई केवल दुई अलग विधा मात्र नभएर समाज परिवर्तनका लागि परस्पर पूरक तत्वको रूपमा वर्णन गर्नुभयो।

## समाज, साहित्य र सिनेमाको अन्तरसम्बन्ध

'समाज, साहित्य र सिनेमा(३ स' को अन्तरसम्बन्ध भन्ने शीर्षकमा एक महत्वपूर्ण सत्र सम्पन्न भएको छ ।

यो सत्रमा समाज, साहित्य र सिनेमाको आपसी सम्बन्ध, प्रभाव र अन्तरक्रियाका विषयमा गहिरो चर्चा गरिएको हो । वक्ताहरूमा कवि विप्लव प्रतीक, चर्चित अभिनेत्री केकी अधिकारी र अभिनेता तथा लेखक बिजय बराल रहनु भएको थियो । सत्रको सहजकर्ताको रूपमा पूर्णेन्दु कुमार झाले महत्वपूर्ण भूमिका निर्वाह गर्नुभयो।

सत्रको शुरुवातमा विप्लव प्रतीकले समाज र साहित्यको आपसी सम्बन्धको बारेमा गहिरो दृष्टिकोण राख्दै भन्नुभयो, 'साहित्य भनेको समाजको ऐना हो । समाजमा भइरहेका घटना, प्रवृत्ति र विकृतिहरूलाई साहित्यले आवाज दिन्छ । हामीले साहित्य मार्फत समाजलाई विश्लेषण गर्ने मात्र होइन, समाजलाई मार्गदर्शन गर्ने पनि प्रयास गर्छौं । आजको समयमा साहित्यले समाजमा रहेका विविध समस्यालाई उजागर गर्दै आवाज विहिनहरूको आवाज बन्ने प्रयास गरिरहेको छ ।'

विप्लव प्रतीकको भनाइलाई समर्थन गर्दै अभिनेत्री केकी अधिकारीले साहित्य र सिनेमाबीचको अन्तरसम्बन्धलाई उजागर गर्नुभयो। उहाँले भन्नुभयो, 'सिनेमा भनेको साहित्यको एउटा दृश्यात्मक रूप हो । साहित्यले जुन भावना, विचार र सन्देशलाई व्यक्त गर्छ । सिनेमा त्यसलाई दृश्य र ध्वनीको माध्यमबाट व्यक्त गर्छ । तर, साहित्यको जस्तो गहिराई प्राप्त गर्न सिनेमा अझै धेरै चुनौतीपूर्ण छ । यद्यपि, अहिलेको समयमा धेरै सिनेमा साहित्यमा आधारित हुँदै बनेका छन् । यसले दर्शकलाई गहिरो सोच्न बाध्य पार्छ ।'

अभिनेता तथा लेखक बिजय बरालले पनि सिनेमा र समाजको गहिरो सम्बन्धको बारेमा चर्चा गर्दै भन्नुभयो, 'सिनेमा भनेको समाजको एउटा चौकाउने साधन हो । यसको बलियो पक्ष भनेको यो दृश्यमा आधारित हुन्छ र यसले तत्काल मानिसहरूको भावनामा परिवर्तन ल्याउन सक्छ । सिनेमा एक शक्तिशाली माध्यम हो । यसले समाजको सामुन्ने धेरै जटिल मुद्दाहरूलाई सजिलोसँग राख्न सक्छ ।'

सहजकर्ता पूर्णेन्दु कुमार झाले समापनमा यस सत्रको निष्कर्ष निकाल्दै भन्नुभयो, 'समाज, साहित्य र सिनेमा एकअर्कासँग गहिरो रूपमा जोडिएका छन् । यी तीनै माध्यमले एकअर्कालाई प्रभावित गर्छन् र समाजमा ठूलो प्रभाव पार्छन् । साहित्यले समाजलाई बदल्न सक्ने क्षमता राख्छ भने सिनेमाले समाजलाई सशक्त बनाउन सक्छ ।'


**जानकी एकेडेमीक हस्पिटल प्रा.लि.**

Hot line number
९८५४०२१३९५, ९७४८४५७४९०

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौं ।**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ॼटीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# छैटौं जनकपुर साहित्य महोत्सव सम्पन्न, सातौं संस्करण २०८२ माघ २२, २३ र २४ गते आयोजना हुने घोषणा



**खबर दर्पण समाचारदाता**
**माघ २६ गते, महेन्द्रनगर**

जनकपुर साहित्य महोत्सवको सातौं संस्करण २०८२ माघ २२, २३ र २४ गते आयोजना हुने घोषणा गरिएको छ ।

महोत्सवका परिकल्पनाकार समेत रहेका प्रतिनिधि सभा सदस्य मनिष झाका अनुसार यो महोत्सवले साहित्य, संस्कृति र समाजको विभिन्न पाटा समेट्दै जनकपुरधामलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मन्चमा प्रस्तुत गर्दै आएको छ ।

यसपटकको महोत्सवलाई पनि विशेष कार्यक्रमहरू, चर्चित व्यक्तित्वहरूको सहभागिता र साहित्यिक संवादद्वारा समृद्ध बनाउने हरसम्भव प्रयासहरू गरिएको थियो ।

महोत्सवको तयारीमा आर्थिक समस्या प्रमुख चुनौतीको रुपमा उभिएको उनले बताए ।

जनकपुर साहित्य महोत्सवले नेपाली साहित्य र संस्कृति प्रवर्द्धन गर्न ठूलो योगदान पुर्याउँदै आएको छ । तर, यसको दीर्घकालीन सफलताको लागि सरकारी सहयोग र वित्तीय स्पष्टता अपरिहार्य रहेको आयोजकको भनाइ छ ।

त्यसैगरी नव मिथिला फाउण्डेशनको आयोजनामा आयोजित छैटौं जनकपुर साहित्य महोत्सवको आय व्यय कार्यक्रम स्थलमै सार्वजनिक गरिएको छ।

फाउण्डेशनले उत्सवको लागि विभिन्न प्रायोजक तथा निकायहरूसँग कूल ४९ लाख रुपैयाँ संकलन गरेकोमा खर्च ४६ लाख ५० हजार रुपैयाँ खर्च गरिएको छ भने २ लाख ५० हजार रुपैयाँ बचत भएको फाउण्डेशनका उपाध्यक्ष आदित्य नेपालले बताए।

पहिलोपटक बचत गर्न सफल भएको फाउण्डेशनले जनाएको छ । यस वर्षको आयोजनका लागि साउण्ड र लाइटमा १२ लाख, स्टेज डेकोरेशनमा ३ लाख, प्रिइभेन्ट गतिविधिमा २ लाख, पुरस्कार वितरणमा ३ लाख ५० हजार, बसोबासको व्यवस्थापनमा ५ लाख, ट्राभलिङ्ग एण्ड टिकेटिङ्गमा ५ लाख, गिफ्ट्स एण्ड ह्याम्परमा २ लाख ५० हजार, कलाकारहरुको शुल्कमा ३ लाख, खानामा ५ लाख, ब्राण्डिङ्ग एण्ड मार्केटिङ्गमा २ लाख र मिडिया तथा ब्रोडकास्टिङ्गमा ३ लाख ५० हजार रुपैयाँ खर्च गरिएको बताइएको छ ।

फाउण्डेशनका उपाध्यक्ष आदित्य नेपालले भने, ‘पारदर्शिता हाम्रो संस्थाको विशेषता हो । जनकपुर साहित्य महोत्सवको हिसाबकिताब हामीले सार्वजनिक गरेका छौं र पहिलोपटक यस महोत्सवमा २ लाख ५० हजार रुपैयाँको बचत गर्न सफल भएका छौं । यसले हाम्रो संस्थाको आर्थिक व्यवस्थापनको सुदृढतालाई पुष्टि गर्दछ ।’

जनकपुर साहित्य महोत्सवले नेपाली साहित्य र संस्कृति प्रवर्द्धन गर्न ठूलो योगदान पुर्याउँदै आएको छ । तर, यसको दीर्घकालीन सफलताको लागि सरकारी सहयोग र वित्तीय स्पष्टता अपरिहार्य रहेको आयोजकको भनाइ छ ।

## मामाघरबाट १० दिनदेखि बेपत्ता बालकको शव फेला

**खबर दर्पण समाचारदाता**
**माघ २६ गते, बर्दिवास**

बाराको जितपुर सिमरास्थित मामाघरबाट १० दिन अघिदेखि बेपत्ता रौतहटका एक बालकको शनिबार शव फेला परेको छ । रौतहटको दुर्गा भवानी गाउँपालिका-१ का ३ वर्षीय हंस चौधरीको शनिबार दिउँसो शव फेला परेको हो।

जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता डिएसपी प्रकाश सापकोटाले बालकको शव वीरगन्ज महानगरपालिका-३२ र जितपुरसिमरा उपमहानगरपालिका-७ को सिमानामा पर्ने टेढामा स्थित कियासोती खोलामा डुबेको अवस्थामा फेला परेको बताए । बेपत्ता बालकको खोजी गर्न प्रहरीले तालिम प्राप्त कुकुरको प्रयोग गरेको थियो। बेपत्ता बालक बारे जानकारी दिनेलाई पीडित परिवारले १ लाख रुपैयाँ इनाम दिने घोषणा गरेको थियो । त्यसै गरी बारा संसदीय क्षेत्र ४ का संघीय सांसद कृष्ण कुमार श्रेष्ठ (किसान) ले बेपत्ता बालकको अवस्थाबारे सूचना दिने मानिसनाई व्यक्तिगत रूपमा ५१ हजार रुपैयाँ इनाम दिने घोषणा गरेका थिए ।

जिल्ला प्रहरी प्रवक्ता डीएसपी प्रकाश सापकोटाले बालकको पानीमा डुबेर मृत्यु भएको प्रहरीको प्रारम्भिक अनुमान भए पनि पोस्टमार्टम रिपोर्ट आएपछि विस्तृत खुल्ने जानकारी दिएका छन्। मृतक बालक रौतहट दुर्गा भगवती १ का रितेश जैसवालका छोरा थिए। उनको शव पोस्टमार्टमका लागि नारायणी अस्पताल वीरगन्ज पठाइएको बारा प्रहरीले जनाएको छ।





१० वर्षदेखि १४ वर्ष उमेर समूहका बालिकाहरुलाई आफ्नो नजिकको खोप केन्द्रमा ल्याऔं

एच पी.भि. खोप अभियानको सञ्चालन हुने पहिलो र दोस्रो चरणको नामावली

| पहिलो चरण (माघ २३ देखि २९ गते सम्म) | दोस्रो चरण(फागुन १ देखि ५ गतेसम्म) |
|---|---|
| जनकपुरधाम उपमहानगरपालिका | कमला नगरपालिका |
| मुखियापट्टी मुसहरनियाँ गाउँपालिका | जनकनन्दनी गाउँपालिका |
| नगराईन नगरपालिका | विदेह नगरपालिका |
| लक्ष्मीनियाँ गाउँपालिका | औरही गाउँपालिका |
| क्षिरेश्वरनाथ नगरपालिका | सबैला नगरपालिका |
| हँसपुर नगरपालिका | मिथिला बिहारी नगरपालिका |
| बटेश्वर गा[illegible] | सहिदनगर नगरपालिका |
| मिथिला नगरपालिका | धनुषाधाम नगरपालिका |
| गणेशमान चारनाथ नगरपालिका | धनौजी गाउँपालिका |

स्वास्थ्य कार्यालय, धनुषा

खोप निशुल्क पाइन्छ | खोप सुरक्षित हुन्छ | खोपले जीवन रक्षा गर्छ

# शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प



✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बरः ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,